नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

हरिहरभवन, ललितपुर

# धान बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग आपूर्ति विवरण पेश गर्ने सम्बन्धमा

**(प्रथम पटक प्रकाशित मिति: २०७८ चैत्र ६ गते आइतबार)**

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम चालु आर्थिक वर्ष २०७८/०७९ मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट संचालन हुने **धानको** उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले www.subsidy.sqcc.gov.np वेभसाइट वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System) मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी अनलाइन रजिष्ट्रेसन हुन तथा उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** सम्भागमा **आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट माग भएको आवश्यक बीउको परीमाण **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** सम्भागमा गई **माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**सर्त/बन्देज तथा समय सिमा**

१. उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने धानका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ :

| क्र सं. | उन्नत बीउको प्रकार | जात | उन्नत बीउको मूल्य रु प्रति के.जी. | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रु. प्रति के.जी | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान |
|---|---|---|---|---|---|
| १ | मसिना तथा बासनादार धान तथा खुमल श्रृंखलाका जातहरु | लल्का बास्मती, खुमल-४, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, सुद्धोधन कालानामक, पोखरेली जेठोबुढो। | १०२ | ३५ | यस तालिकामा उल्लेखित मूल्य (रु. १०२ र रु. ७२ प्रति के.जी.) का आधारमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०% |
| २ | अन्य जातहरु | बहुगुणी-१, बहुगुणी-२, स्वर्ण सब-१, चैतै-५, मकवानपुर १, हर्दिनाथ-३, चैतै-२, सावित्री, माछापुच्छ्रे, छोमरोङ्ग, राधा-४, राधा-११, राधा-१२, राधा-१४, सुख्खा धान-१, सुख्खा धान-३, सुख्खा धान-६, सेहराङ्ग सब-१, घैया-२, चन्दननाथ १, चन्दननाथ ३, हर्दिनाथ बोरो धान १, सुनौलो सुगन्धा, हर्दिनाथ साँवा मन्सुली, सावाँ मन्सुली सब-१। | ७२ | | |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादन प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।

३. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको बुँदा नम्बर १ मा उल्लेख गरिएको मूल्यमा (मसिना तथा वासनादार र खुमल श्रृंखलाका जातमा रु. १०२ प्रति केजी र अन्य जातको हकमा रु. ७२ प्रति केजी) प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै सर्तहरु पुरा गरेको गुणस्तरीय टयागिङ्ग तथा ब्यागिङ्ग भएको बीउ उपलब्ध गराउनु पर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले केन्द्रबाट तयार गरी समितिबाट अनुमोदन भएको Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।

५. **रजिष्ट्रेसन प्रारम्भ मितिः २०७८ चैत्र ६ गते आइतबार**

६. **रजिष्ट्रेसन समाप्त हुने मितिः २०७८ चैत्र २० गते आइतबार**

७. **सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मितिः २०७८ चैत्र २७ गते आइतबार सम्म**

८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** हेर्न सक्नुहुनेछ।

**थप जानकारीको लागि**

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८५१२५४२७६, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा स्थानीय तह।